# नेपाल गजेट

## भाग ३

नेपाल सरकारद्वारा प्रकाशित

काठमाडौं पौष ७ गते ०१३ साल

सर्वोच्च अदालत ऐन दफा १६ ले दिएको अधिकार प्रयोग गरी सरकारको स्वीकृति लिई सर्वोच्च अदालतले बनाएको नियम सवसाधारणको जानकारीका निमित्त जारी गरिएको छ।

## सर्वोच्च अदालत नियम

१. नियम ३७ को सट्टा देहायको नियम राखिएको छ।

३७. सर्वोच्च अदालत [संशोधन] ऐन २०१३ कायम रहेसम्म नियम ३७ स्थगित राखी देहाय बमोजिम हुनेछ।—

(१) मुलुकका कुनै इलाकामा गई सो इलाकाका मुद्दा मामिलाहरू हेर्न छिन्न वा मुद्दा जाँच गर्न आवश्यक सम्झेमा सर्वोच्च अदालतले सरकारको पूर्व स्वीकृति लिई न्यायाधीश खटाउन सक्छ। यस प्रकार खटिएर गएका न्यायाधीशले दौडाहा इजलास कायम गरी काम गर्दा सर्वोच्च अदालतका एक न्यायाधीशको अधिकार वा उपनियम [३] का अधीनमा रही आवश्यकतानुसार डिभिजन बेञ्चले पाउने अधिकारको समेत प्रयोग गर्न सक्ने छन्।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(२) उपनियम [१] बमोजिम दौडाहा जाने न्यायाधीशको चित्तमा मातहतका अदालतमा परिराखेको कुनै मुद्दा मामिला झिकी हेरी फैसला गर्नुपर्ने ठहरिएमा एक न्यायाधीशको अधिकार प्रयोग गरी सो बमोजिम गर्न सक्ने छन् ।

(३) उपनियम [१] बमोजिम दौडाहा जाने न्यायाधीशले जनता जनताका बीच पर्न आएका मुद्दा मामिला एक न्यायाधीशको अधिकार प्रयोग गरी र सरकारी कर्मचारी वा सरकारी कर्मचारी र जनतासमेत उपर पर्न आएका मुद्दा मामिला भने डिभिजन बेञ्चको अधिकार प्रयोग गरी ठाडै बुझी शुरू कारवाई गरी फैसला गर्न हुन्छ ।

(४) दौडाहा इजलासबाट हेरी छिन्न बाँकी रहेका कुनै मुद्दा मामिला अपील सुन्ने मातहतका अदालतले हेर्नु भनी न्यायाधीशले आदेश दिई सार्न सक्नेछन् ।

(५) उपनियम [१], [२] र [३] बमोजिम दौडाहा इजलास कायम गरी दिएको आदेश वा गरेको फैसला सर्वोच्च अदालतबाट दोहऱ्याई हेर्न सकिने छ । सो बमोजिम हेर्दा १ न्यायाधीशको अधिकार प्रयोग गरेकामा डिभिजन बेञ्चबाट र डिभिजन बेञ्चको अधिकार प्रयोग गरेकोमा फुल बेञ्चबाट हेरिने छ ।

(६) उपनियम [१] बमोजिम मुद्दा मामिला हेर्न छिन्न वा अड्डा जाँच गर्न खटिई जाने न्यायाधीशले आफू खटिएका इलाकाभित्र पर्ने सर्वोच्च अदालत मातहतका सबै अड्डा अदालतको प्रचलित कानूनको रीत पुऱ्याई जाँचबुझ गर्न पनि हुन्छ ।

आज्ञाले—
मुक्तिकान्त मैनाली,
रजिष्ट्रार
सर्वोच्च अदालत.

गोरखापत्र छापाखानामा मुद्रित । मेनेजर प्रेमराज शर्मा ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

२६५